# प्रेस विज्ञप्ति

व्यास नगरपालिका नगर कार्यपालिकाको दोस्रो नगर सभा सम्पन्न
२०७४ माघ २७ गते

व्यास नगरपालिकाको दोस्रो नगर सभा व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा एवं नेपाल सरकारका माननीय पूर्व वन मन्त्री श्री शंकर भण्डारीज्यूको प्रमुख आतिथ्यतामा २०७४ माघ २६ गते उद्घाटन भई माघ २७ गते सम्पन्न भएको छ । २०७४ माघ २६ गते ११.०० बजे प्रारम्भ भएको उक्त कार्यक्रमको उद्घाटन सत्रमा विशिष्ट अतिथिको रुपमा प्रतिनिधि सभा सदस्य माननीय कृष्णकुमार श्रेष्ठ, राष्ट्रिय सभा सदस्य माननीय प्रकाश पन्थ, प्रदेश सभा सदस्यहरु माननीय आशा कोइराला, माननीय हरिबहादुर चुमान, माननीय डोबाटे वि.क., माननीय सरिता गुरुङ, पूर्व प्रतिनिधि सभा सदस्यहरु माननीय ध्रुव वाग्ले, माननीय रामचन्द्र पोखेल, माननीय उर्मिला थापा (पार्वती), जिल्ला समन्वय समितिका प्रमुख श्री शान्तिरमण वाग्ले र अतिथिको रुपमा नेकपा एमालेका वैकल्पिक सदस्य श्री प्रतापलाल श्रेष्ठ, नेकपा एमालेका नेता एवं नगर प्रमुखका प्रत्यासी श्री शंकरनारायण श्रेष्ठ, निमित्त प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम पौडेल, संस्थापक नगर प्रमुख श्री ताराप्रसाद श्रेष्ठ, जिल्ला एवं नगरस्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पत्रकार महासंघका अध्यक्ष श्री ओमकार आचार्य, लगायतका अतिथिहरुले शुभकामना मन्तव्य राख्नु भएको थियो भने उपप्रमुख श्री मिरा जोशीज्यूको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रमको संचालन बरिष्ठ आ.ले.प. अधिकृत श्री कुमार कंचन जि.सि.ले गर्नुभएको थियो । सो कार्यक्रमको उद्घाटन सत्रको समापन सोही दिनमा भई, अपरान्ह ४.३० बजेदेखि चलेको बन्द सत्रको कार्यक्रम आज मिति २०७४ माघ २७ गते अपरान्ह ५ बजे सम्म संचालन भई समापन भएको छ ।

दोस्रो नगर सभाबाट निम्नानुसार संशोधित बजेट तथा कार्यक्रमहरु पारित गर्नुका साथै मुख्यतया तपसिलमा उल्लेखित निर्णयहरु भएका छन् ।

१. आर्थिक वर्ष २०७४/०७५ का लागि मिति २०७४ असार २७ गते पारित कुल रु.८० करोड ७१ लाख ७७ हजारको बजेटमा संशोधन गरी कुल रु.१ अरब ११ करोड २७ लाख ७० हजार ५ सयको आयव्यय हुने गरी संशोधित बार्षिक बजेट पास भएको छ ।

२. प्रथम नगर सभाबाट पारित भएका तपसिलमा उल्लेखित ऐन तथा नियमावलीहरु संशोधन सहित पारित भएका छन् ।
   - क) व्यास नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता २०७४
   - ख) व्यास नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४
   - ग) व्यास नगरपालिकाको कार्य सम्पादन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४
   - ३) व्यास नगर कार्यपालिकाको कार्य विभाजन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४
   - ङ) व्यास नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४
   - च) व्यास नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को संचित कोषबाट खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४
   - ५) व्यास नगर सभा संचालन तथा व्यवस्थापन (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली २०७४
   - ज) व्यास नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४

३. तपसिलमा उल्लेखित ऐन, नियम, कार्यविधि तथा नियमावलीहरु पारित भएका छन् ।
   - क) व्यास नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४
   - ख) व्यास नगरपालिकाको एफ.एम. रेडियो (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७४
   - ग) व्यास नगरपालिकाको सहकारी ऐन २०७४
   - घ) व्यास नगरपालिकाबाट गरिने बजार अनूगमन निर्देशिका २०७४
   - ङ) व्यास नगरपालिका शिक्षा नियमावली २०७४
   - च) व्यास नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४
   - छ) व्यास नगरपालिका फोहरमैला व्यवस्थापन सम्बन्धी ऐन २०७४
   - ज) व्यास नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४

४. व्यास नगरपालिका वडा नं.१० मा औद्योगिक क्षेत्र स्थापनाको लागि पेश हुन आएको प्रस्ताव पास भएको छ ।

५. विभिन्न क्षेत्र संग सम्बन्धित भई प्रस्ताव गरिएका संशोधित नीतिहरुको खाँका पास भएका छन् ।

(मेघनाथ आचार्य)
प्रवक्ता
व्यास नगरपालिका